# ८ दासत्वको जीवनबाट उत्तराधिकारी वा परमेश्वरको राज्यको हकदार

*यस अध्यायको निम्ति पढ्नुहोस्* :गलाती ३:२६-४:२० ,रोमी ६:१-११ ,हिब्रू २:१४-१८ ,हिब्रू ४:१४,१५ ,रोमी ९:४,५।

*स्मरण गर्नुपर्ने पद* :"अबदेखि तिमीहरू दास होइनौ ,तर छोराछोरीहरू हौ। यदि तिमीहरू परमेश्वरको छोराछोरीहरू हौ भनेता त्यो अधिकार परमेश्वरको हकदार भएर पाएका हौ गलाती ४:७ रूपान्तरित।

**दास भएर होइन तर परमेश्वरका छोराछोरी अर्थात् राजकुमार र राजकुमारी भएर जीउनु पर्दछ र त्यहि अनुसारको जीवनशैलीलाई ढाल्नु पर्दछ भनेर गलातीका विश्वासीहरूलाई पावलले आह्वान** गर्दछन्। जन्मजातै यहूदी भएर परमेश्वरको छोराछोरी हुने अधिकार र अवसरहरूको दावी ती यहूदीहरूले मात्र होइन अब गैर-यहूदी गलातीहरूलाई पनि दावी गर्ने अधिकार छ भन्ने सत्यता युवा मार्टिन लुथरले थाहा पाउन आवश्यक थियो। जब उनको दिमागमा पापले गर्दा विवेकलाई घचघच्याइ रहेको थियो तब त्यस युवक मार्टिन लुथरले त्यसबाट मुक्त हुन र शान्ति पाउन आफ्नै बाहुबलले ठूलो प्रयास गरिरहेका थिए। उनले अत्यन्त धर्मी जीवन बिताएका थिए, उपबासका उपबास बसेका थिए, प्रार्थनै प्रार्थना गरिरहेका थिए र पापी स्वभावलाई दवाउन उनले आफ्नो शरीरलाई कोर्रा का कोर्राले हान्दथे। तर उनको कडा भिक्षु वा इसाई मठको जीवनले उनको विवेकलाई राहत दिन सकेको थिएन। परमेश्वरलाई खुशी पार्न उनी कुनै पनि त्यागबाट खुम्चिएका थिएनन् अर्थात् सारा थोक त्यागेर उनले साधु जीवन बिताएका थिए किनभने आफ्नो हृदय चोखो भएको उनी चाहन्थे। आफू रोमन क्याथोलिक चर्चको कडा नियम पालन गरेर अत्यन्त धर्मी भएका थिए तर हृदयभित्र शान्ति नभेट्टाएको महसुस गरेका थिए भनेर उनले पछि लेखेका थिए। "यदि कुनै व्यक्तिले भिक्षुको कट्टर जीवन बिताए स्वर्गमा जान योग्य भए त्यो म हुन्थेँ" भनेर उनले दावी गरेका थिए तर ती धर्मकर्मका अथक प्रयासहरूद्वारा केही उपलब्धी नभएको उनले महसुस गरेका थिए।

पछि ख्रीष्टबाट मात्र पाउने मुक्तिको सत्य आत्मज्ञान उनले बुझ्न थालेका थिए। त्यो पनि जब उनले गलातीको पुस्तक पढ्न थाले तब उनले आफ्नो आत्मालाई चाहिने आशा र आत्मिक स्वतन्त्रता पाउन थालेको उनले अनुभव गर्न थालेका थिए। त्यसको फलस्वरुप, उनले गर्दा विश्वको इसाई इतिहास

यथास्थितिबाट वा पोपको आधिपत्यबाट उम्केको थियो। बाइबलमा आधारित येशूलाई विश्वास गर्नु भनेको के हो भन्ने धारणालाई मार्टिन लुथरको जीवनले फड्को मारेको थियो।

## १. प्रभु येशू ख्रीष्टलाई ग्रहण गरेपछि हाम्रो अवस्था (गलाती ३:२६-२९)

**गलाती ३:२५लाई मनमा राखेर गलाती ३:२६ पढ्नुहोस्। जब हामी येशूद्वारा उद्धार पाएपछि हाम्रो सम्वन्ध व्यवस्थासँग कस्तो हुनुपर्छ भनेर यस गलाती ३:२६ले हामीलाई कसरी बुझाउन खोज्दछ? हेर्नुहोस्: "२५ तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधीनमा छैनौं। २६ किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ।"**

"किनकि" भनेर पद २६ले सुरू गरेबाट यो देखाउँछ कि पावलले यस पदसँग पद २५ सिधै जोडिएको छ। जसरी बाइबलको समयमा उमेर नपुगुञ्जेल शिक्षकको हातमा मालिकको छोरा राखिदिन्थ्यो त्यसरी नै जब हामी विश्वासद्वारा येशूमा हुन्छौं तब बाल्यअवस्था नाघि सकेका हुन्छौं भनेर पावलले भनिरहेको पाइन्छ। तिनीहरू अव हुर्केका छोराछोरी भइसकेका हुनाले तिनीहरू व्यवस्थासँगको सम्बन्धमा परिवर्तन भएको हुन्छ।

याद गर्नुहोस् अङ्ग्रेजी अनुवादमा सन्तानलाई "छोरा "भनेर सम्वोधन गरिएको छ। परमेश्वरको राज्यको हकदारी हुन केवल पुरुषमात्र होइन भनेर गलाती ३:२८मा पावलले स्पष्ट धारणा राखेका छन्। सन्तानको सट्टा छोरा भनेर पावलले सम्वोधन गर्दा पारिवारिक हकदार भन्ने कुरालाई मनमा राखेर पावलले सोचेको पाइन्छ किनकि चलनचल्तीमा परिवारको सम्पत्ति पुरुषलाई हस्तान्तरण गरिएको हुन्छ। "परमेश्वरका छोराहरू "वा "सन्तानहरू "भन्ने शब्द पुरानो करारमा इस्रायलीहरूलाई बिशेष गरी सम्वोधन गरिएको पाइन्छ व्यवस्था १४:१ ,होसे ११:१। इस्रायलीहरूलाई आरक्षित त्यो विशेष सम्वन्ध अब गैर-यहूदी वा अन्य जातिहरूले पनि उपभोग गर्न पाउँछन् भनेर पावलले जोड दिएको पाइन्छ।

**बप्तिस्मामा के छ जसले गर्दा विश्वासीको जीवनमा यसले महत्त्वपूर्ण भूमिका खेल्दछ भनेर देहायका पदहरूले बताउँदछन् :गलाती ३:२७ "२७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८ अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ। २९ यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।', रोमी ६:१-१८ "१ अब हामी के भनौं? के अनुग्रह प्रशस्त मात्रामा होस्भनेर हामी पापमा लागिरहौं त? २ त्यसो नहोस्! हामी जो**

पापको लेखि मऱ्यौं, त कसरी हामी अझै त्यसैमा जिउनु? ३ के तिमीहरू जान्दैनौ
हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका
थियौं? ४ यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी
पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि
नयाँ जीवनको मार्गमा हिँड़ौं। ५ यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै
भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं।
६ हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो
पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं। ७ किनभने
जो मरेको छ त्यो पापबाट मुक्त भएको छ। ८ तर यदि हामी ख्रीष्टसँग
मरेका छौं भनेता उहाँसँग जिउने पनि छौं भन्ने विश्वास गर्दछौं। ९ हामी
जान्दछौं कि ख्रीष्ट मरेकाहरूबाट जीवित भएर फेरि मर्नुहुनेछैन। अब उसो
उहाँमाथि मृत्युको राज्य हुँदैन। १० जुन मृत्युमा उहाँ मर्नुभयो त्यो पापको लेखि
सधैंको लागि एकै पल्ट मर्नुभयो। तर जुन जीवनमा उहाँ जिउनुहुन्छ, त्यो
परमेश्वरको निम्ति जिउनुहुन्छ। ११ यसै गरी तिमीहरूले पनि आफू-आफूलाई
पापको लेखि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका
ठान्नुपर्छ। १२ यसकारण शरीरका अभिलाषाअनुसार चल्नु नपरोस्‌भनी
तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ। १३ आफ्ना
शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर। तर
मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र
शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर। १४
किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू व्यवस्थाको
अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ। १५ अब के त? के हामी
व्यवस्थाको अधीनमा छैनौं, तर अनुग्रहको अधीनमा छौं भनेर पाप गर्ने त? कदापि
होइन। १६ के तिमीहरू जान्दैनौ, आज्ञाकारी कमाराको रूपमा आफैलाई
जसकहाँ समर्पण गर्छौ, जसको आज्ञा तिमी पालन गर्छौ, त्यसको कमारा पनि
हुन्छौ? कि त मृत्युतिर लाने पापको कमारा अथवा धार्मिकतातिर लाने
आज्ञाकारिताको? १७ तर परमेश्वरलाई धन्यवाद होस्, कि तिमीहरू, जो एक
पल्ट पापका कमारा थियौ अब जुन शिक्षाको नमूनामा तिमीहरू सुम्पिएका थियौ,
त्यो हृदयले पालन गर्ने भएका छौ। १८ तिमीहरू पापबाट मुक्त गराइएर
धार्मिकताका कमारा बनेका छौ।" र १ पत्रुस ३:२१ "यही पानी बप्तिस्माको
एउटा रूप हो, जसले तिमीहरूलाई बचाउँछ। यो शरीरको मैला हटाएजस्तो
होइन, तर शुद्ध विवेकको निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा हो। यसले
मृतकबाट भएको येशू ख्रीष्टको पुनरुत्थानद्वारा तिमीहरूलाई बचाउँदछ।"

गलाती ३: २७मा "किनकि" भन्ने शब्द पावलले प्रयोग गर्दा उनको तर्क कस्तो उचित छ भनेर उनले देखाउन खोजेको पाइन्छ। उनले के भन्न खोजेको सो सोचेर नै भन्दैछन्। येशूको जीवनसँग येशूको जीवन गाभिन बप्तिस्मा एक महत्त्वपूर्ण निर्णायक कदम हो भनेर पावलले तर्क प्रस्तुत गर्दछन्। बप्तिस्मा भनेको येशूसँग उहाँको जीवन र पुनरुत्थानमा एक हुने प्रतीक हो भनेर पावलले रोमी ६मा वाख्या गर्दछन्। गलातीमा बप्तिस्मालाई अर्कै संज्ञा दिएर प्रयोग गरिएको छ :वप्तिस्माको अर्थ येशूको पोशाक लगाउनु हो। पावलले प्रयोग गरेका ती शब्दहरूले हामीलाई पुरानो करारमा उल्लेखित अचम्म पदहरूलाई याद दिलाउँछ। परमेश्वरको धार्मिकता वा भलाई र मुक्तिको पोशाकले सुसज्जित भएको भनेर ती पदहरूले जनाएकाछन्। हेर्नुहोस् : यशैया ६१:१०,११ "१० म परमप्रभुमा साह्रै आनन्दित हुन्छु। मेरो प्राणले मेरा परमेश्वरमा आनन्द मनाउँनेछ। किनकि उहाँले मलाई उद्धारको पोशाक लगाइदिनुभएको छ, र उहाँले मलाई धार्मिकताको वस्त्रले ढाक्नुभएको छ– जसरी दुलहाले आफ्नो शिर पूजाहारीले सिँगारेझैं सिँगार्छन्, र दुलहीले आफैलाई रत्नहरूले आभूषित गर्छिन्। ११ किनकि जसरी भूमिले आफ्नो बिरुवा उमार्छ, र जसरी बगैंचाले बीउहरू उमार्छ, त्यसरी नै परमप्रभु परमेश्वरले धार्मिकता र प्रशंसा सारा जातिहरूका सामुन्ने उत्पत्ति गर्नुहुनेछ।" र अयूब २९:१४ "१४ धार्मिकतालाई मैले आफ्नो लुगाजस्तै लगाएँ, इन्साफलाई मैले मेरो पोशाक र फेटाझैं लगाएँ।"। "वप्तिस्मा लिने बेलामा विश्वासीहरूलाई ख्रीष्टले आफ्नै पोशाकले ओढिदिनुहुन्छ भन्ने पावलको दृष्टिकोण छ। येशूको पोशाक लगाएको भनेर नै पावलले भनेका छैनन्। तर पोशाक जस्तै धार्मिकता विश्वासीहरूलाई दिइन्छ भनेर उनले वाख्या गर्दछन्।"-फ्रान्क जे. माटिरा , गलेशियन )कलेजभिल ,मिनियोसोटा :द लिटरजिकल प्रेस ,१९९२ (पृ. १४५बाट रूपान्तरित।

बप्तिस्मा भनेको येशूसँग जोडिन गएको प्रतीक हो। यसको अर्थ जसरी येशू सत्यमा हिंड्नुहुन्छ त्यसरी नै हामी पनि सत्यमा हिंड्न सक्ने हुनुपर्छ। येशू अब्राहमको “सन्तान "हुनुहुन्छ। यसैकारणले सबै विश्वासीहरू “परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे हकदारी "हुन्) "रोमी ८:१७(। यसको अर्थ जुन प्रतिज्ञा वा कबुल अब्राहम र उनको भावी सन्तानहरूलाई परमेश्वरले गर्नुभएको थियो ,प्रत्येक विश्वासीले त्यस प्रतिज्ञाको दावी गर्ने अधिकार छ।

**जुन कुरा येशूमा सत्य हुन्छ त्यहि सत्य हामीमा पनि हुन्छ भन्ने कुरालाई गहिरो गरेर सोच्नुहोस्। यस अचम्मको सत्यज्ञानले येशूभक्तको जीवनको प्रत्येक भागमा कसरी प्रभाव पार्नु पर्दछ भन्नेकुरालाई सोच्नुहोस्।**

## २. आधारभूत प्राथमिक नीति वा रितिरिवाजको दासत्वमा रहनु

परमेश्वरसँग हाम्रो सम्वन्ध छोराछोरी र हकदारीहरूको जस्तै छ भनेर पावलले तुलना गरेको यस भन्दा अघिल्लो बुँदामा हामीले हेरेका थियौं। अब हकदारीको बिषयलाई अझ विस्तृतरूपमा वाख्या गर्दै गलाती ४:१-३मा पावल अघि बढेको पाउँछौं।

एउटा अत्यन्त धनी जमिन्दारको बिषयमा पावलले वयान गर्दछन्। त्यस जमिन्दारको धेरै सम्पत्ति थियो। ऊ मर्नु भन्दा अघि आफ्नो सबै सम्पत्ति जेठो छोरोको नाउँमा सारिदियो। तर उसको छोरो नाबालकनै थियो। आजभोलिकै चलन चल्ती अनुसार छोराको उमेर नपुगुनञ्जेल उसलाई कुनै नजिकको आफन्त वा अभिभवाकको संरक्षकमा आफ्नो छोरा छोड्दछ। जब बाबु मर्छ तब उसको सबै धन सम्पत्ति बाबुको इच्छापत्र अनुसार छोराको हुन आउँछ। तर ऊ नाबालक भएकै कारण अरूको अधीनमा दास जस्तै भएर बस्नु परेको हुन्छ।

गलाती ३:२४मा उल्लेखित गुरुको हातमा वा अभिवावक वा संरक्षकमा कुनै वालकलाई सुम्पनु उदाहरणको सिलसिला पनि त्यस्तै हो। ती दुवै मामिलामा गुरु र संरक्षकको प्रभुत्त्व र भूमिका ठूलो हुन्छ। मालिकको छोराको शारीरिक र वौद्धिक बिकासमा ती संरक्षकहरूको उत्तरदायित्व प्रमुख हुन्छ। घर जग्गा ,आर्थिक आदिको सबै कारोबारको जिम्मा ती संरक्षकले लिएको हुन्छ। जब त्यो बालक ठूलो वा उमेर पुग्छ अनि त्यस सम्पत्तिको जिम्मेवार ऊ आफैले सम्हाल्दछ।

**येशूभक्तको जीवनमा दश आज्ञा वा व्यवस्थाको लक्ष्य के रहेछ भनेर पावलले स्पष्ट रूपमा कसरी व्यक्त गर्दछन्? हेर्नुहोस् पावलका शब्दहरूमा :१ मेरो भनाइको अर्थ यो हो, उत्तराधिकारी जबसम्म बालकै छ, ऊ सबै थोकको मालिक भए तापनि कमाराभन्दा फरक हुँदैन, २ तर बाबुले ठहराएको समयसम्म ऊ अभिभावक र संरक्षकको अधीनमा हुन्छ। ३ हामी पनि यसरी नै बालक छउञ्जेल संसारका दैवी शक्तिहरूको दासत्वमुनि थियौं, ४ तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो। उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा जन्मनुभयो। ५ व्यवस्थाको अधीनमा रहनेहरूलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो, ताकि हामी पुत्रको पूरा हक प्राप्त गर्न सकौं। ६ तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले "हे अब्बा, पिता!" भनेर पुकार्नुहुन्छ। ७ यसैकारण, परमेश्वरद्वारा तिमी अब उप्रान्त दास होइनौ, तर पुत्र हौ, र पुत्र हौ भनेता उत्तराधिकारी पनि हौ। ८ अघिअघि जब तिमीहरूले परमेश्वरलाई चिनेका**

**थिएनौ, तिमीहरू तिनका दास थियौ, जो स्वभावले नै देवहरू होइनन्, ९ तर अब त तिमीहरूले परमेश्वरलाई चिनेका छौ, अथवा परमेश्वरबाट चिनिएका छौ, र पनि फेरि कसरी तिमीहरू ती निर्बल र सुरु-सुरुका तुच्छ सिद्धान्तहरूतिर फर्कन्छौ र फेरि तिनका दास बन्न चाहन्छौ? १० तिमीहरू तिथिहरू, महिनाहरू, ऋतुहरू र वर्षहरू मान्दछौ। ११ मलाई त यस्तो लाग्छ, कि तिमीहरूका निम्ति गरिरहेको मेरो परिश्रम व्यर्थ भयो।" गलाती ४:१-११ (रूपान्तरित)**

पावलले "तुच्छ" वा "निम्न सिद्धान्त" (गलाती ४:३,८) भन्नुको अर्थ के हो सो विवादास्पद मानिएको छ। अर्को अर्थमा प्राथमिक सिद्धान्त वा रितिरिवाजहरू भनेर पनि बुझ्न सकिन्छ। तर यो विषय अझ बिवादस्पद नै नभएको त होइन। ग्रीक भाषामा त्यस शब्दलाई (*stoicheia*) स्टोइकिया अर्थात् आधारभूत तत्वहरू भनेर लेखिएको छ। कसैले भन्छन् यसको अर्थ पृथ्वी तथा जगत सृष्टिको लागि चाहिने आधारभूत तत्व वा पञ्चतत्वहरू हुन् भनेर अर्थ लगाइएको छ २ पत्रुस ३:१०,११। कसैले भन्दछन् पावलको अर्थ अरू दैविक वा शैतानका शक्तिहरू हुन् जसले यस दुष्ट युगलाई आफ्ना अधीनमा राखेका छन् )कलस्सी २:१५(। कसैले भन्छन् उनले त धार्मिक जीवनमा अपनाउने नीतिहरू, रितिरिवाजहरू वा धर्मका क,ख,ग हुन् भनेका हुन् हिब्रू ५:१२। तर जे भएतापनि येशूको आगमन अघि मानवजाति बालकै थिए भनेर पावलले स्पष्ट पारेर औंल्याएको यहाँ पाइन्छ गलाती ४:१-३। धार्मिक जीवनमा अपनाउने आधारभूत वा मौलिक सिद्धान्त वा रितिरिवाजहरूको बारेमा पावलले चर्चा गरिरहेको हो भनेर कसैले दावी गर्दछ। पावलले व्यक्त गरेको कुरामा हामी यो निष्कर्षमा पुग्न सक्दछौं कि पुरानो करारमा भएका व्यवस्था र बलिप्रथाहरू केवल आधारभूत सुसमाचारको छायाँ वा सूचक मात्र थिए। ती प्रथाहरूमा मुक्तिलाई देखाउने आधारभूत तत्वहरूको सूची थियो। परमेश्वरको पवित्र मन्दिर र मन्दिरको परिसरमा हुने सबै प्रथाहरू इस्रायलीहरूलाई सिकाउने केवल छायाँ मात्र थिए। पछि के हुन आउने हो त्यसलाई औंल्याउने ती प्रक्रिया थिए। ती सबै प्रथाहरूले येशूलाई औंल्याउने भएकोले ती प्रथाहरू येशूको बिकल्प थिएन। मानिसहरूले त्यसमा गरिने सम्पूर्ण रितिथितिहरूले येशूको स्थान लिनको लागि कहिल्यै दिइएको थिएन।

विश्वासीहरूलाई जबरजस्ती ती रितिरिवाजहरूलाई लाद्नुको अर्थ येशूलाई पन्छाएर पहिलेकै जीवन व्यतित गर्न उक्साएको जस्तो देखिन्छ। येशू आइसक्नुभएपछि पनि ती रितिरिवाजमा फस्नुको अर्थ ,पावलको शब्दमा हकदारी छोरा उमेर पुगिसकेपछि पनि फेरि बालकै हुन चाहना गर्नु हो।(पावललको त्यो उदाहरण समयसापेक्षित मात्र नभएर येशूको ज्ञान भित्र पस्न चुनौती दिएको पाउँछौं।)

हो ,बालकको जस्तो विश्वास हुनु सकारात्मक कुरो हो मत्ती १८:३। तर आत्मिक वृद्धिको परिप्रेक्ष्यमा के सधैं बालकै भएर बस्नु हो त ?वा जति तपाईं आत्मा वा आत्मज्ञानमा बढनु हुन्छ त्यत्ति तपाईंको विश्वास वा परमेश्वरमा भरोसा बालकको जस्तो हुन्छ भन्नेमा यकिन हुनुभएको छ कि ? तपाईंको विश्वास बालकको जस्तो अन्जान र परमेश्वरमा भरोसा राख्ने खालको छ?

## ३. "परमेश्वरले आफ्नो पुत्रलाई पठाउनुभयो ("गलाती ४:४)

**"जब समय पूरा भयो तब परमेश्वरले आफ्नो पुत्रलाई व्यवस्थाको मुनि रहेर स्त्रीको कोखमा जन्माउनुभयो" (गलाती ४:४ रूपान्तरित)।**

"जब समय पूराभयो वा समयको पूर्णतामा "भनेर पावलले शब्द कोर्दा मानिसको इतिहासमा परमेश्वरको लक्ष्य पूरा गर्न उहाँ कस्तो सक्रिय भएर काम गरिरहनुभएको रहेछ भनेर देखाउँदछ। येशू मानव चोला लिएर जहिले मन लाग्यो त्यसबेला आउनुभएन। परमेश्वरले तयार गर्नुभएको ठीक समयमा उहाँ आउनुभयो। विश्वको इतिहासमा यो समय अत्यन्त महत्त्वपूर्ण समय थियो। त्यो युग रोमी साम्राज्यको युग थियो जसले आफ्नो प्रभुत्व बिश्वभरी फैलाइएको थियो। रोमी इतिहासको मध्यकालीन युगमा येशू जन्मनुभएको थियो। यो युगलाई पाक्स रोमाना *(Pax Romana )* अर्थात् रोमी शान्ति भनेर इतिहासले बताउँदछ। दुई सय वर्षसम्म रोमी साम्राज्यमा शान्तिको लहर थियो। भूमध्य सागरको वरिपरि रहेका विश्व रोमको कब्जामा थियो। यस समय पाश्चिमी देश रोमले आफ्नो साम्राज्यमा शान्तिको अनुभूति दिएको थियो। सबैले बोल्ने भाषा एकै थियो ,बाटोघाटो बनाएर मानिसलाई यात्रा गर्न सरल बनाइएको थियो। संस्कृति वा संस्कारलाई एक सामूहिक सुत्रमा राखिँदा सुसमाचारको प्रचार र वृद्धिमा सहयोग मिलेको थियो। बाइबलको अनुसार यो समय ठीक तोकिएको समय थियो जब प्रतिज्ञा गरिएको मसीह वा अभिषेक वा चुनिएको व्यक्तिलाई परमेश्वरले पठाउनुभयो (दानियल ९:२४-२७ पढ्नुहोस्)।

**हामी मानव जातलाई उद्धार गर्न वा कसबाट राहत दिन येशू मानवको अवतार धारण गरेर यो संसारमा किन आउनुभयो ?हेर्नुहोस् :यूहन्ना १:९-१४ "९ हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो। १० उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो, तापनि संसारले उहाँलाई चिनेन। ११ उहाँ आफ्नै मानिसहरूकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरूले उहाँलाई ग्रहण गरेनन्। १२ तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने**

अधिकार दिनुभयो। १३ तिनीहरू रगतद्वारा, शारीरिक इच्छाद्वारा, र कुनै मान्छेको इच्छाद्वारा होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन्। १४ *अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।*" गलाती ४:४,५ "४ समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो। उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा जन्मनुभयो। ५ व्यवस्थाको अधीनमा रहनेहरूलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो, ताकि हामी पुत्रको पूरा हक प्राप्त गर्न सकौं।" रोमी ८:१-४ "१ यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन। २ पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ। ३ पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात्‌उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैं पठाउनुभयो। यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो, ४ यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं।"२ कोरन्थी ५:१६-२१ "१६ अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं। हामीले ख्रीष्टलाई एक समय मानिसको दृष्टिकोणले हेरेका थियौं, तर अब उप्रान्त उहाँलाई त्यसरी हेर्नेछैनौं। १७ यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। १८ यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो, १९ अर्थात्‌स्वयम्‌ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। २० यसकारण हामी ख्रीष्टका राजदूतहरू हौं, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ। २१ *किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।*", फिलिप्पी २:१-११ "१ यदि ख्रीष्टमा केही प्रोत्साहन छ भने, प्रेमको केही प्रेरणा, पवित्र आत्माको केही सङ्गति, केही स्नेह र सहानुभूति छ भने, २ तिमीहरू एउटै मनका भएर, एउटै प्रेम राखेर, पूर्ण सम्मतिसाथ एउटै चित्तका भएर मेरो आनन्द पूरा गर। ३ स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान। ४ तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर। ५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर

पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात्क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो। ९ त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, १० कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, ११ र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ।', हिब्रू २:१४-१८ "१४ किनकि छोरा-छोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात्दियाबलसलाई उहाँले नष्ट गरून्, १५ र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई उहाँले मुक्त गरिदेऊन्। १६ किनकि साँच्चै नै उहाँले स्वर्गदूतहरूको होइन, तर अब्राहामका सन्तानको वास्ता गर्नुहुन्छ। १७ यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरूजस्तै बनाइनुपर्‍यो, र मानिसहरूका पापको प्रायश्चित गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पूजाहारी बन्नुभयो। १८ किनकि उहाँ आफैले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो, यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ।" र हिब्रू ४:१४-१६ "१४ आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान्प्रधान पूजाहारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौं। १५ किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो। १६ यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।"

बाइबलमा उल्लेखित सुसमाचारको कथाहरूमा सवभन्दा छोटो कथा गलातीको ४:४ ,५मा सारांशको रूपमा दिइएको छ। मानव इतिहासमा येशूको प्रवेश कुनै अचानक वा अपर्झट रूपमा भएको थिएन। यसमा भनिएको छ : “जब समय पूरो भयो ,परमेश्वरले यस संसारमा आफ्नो पुत्रलाई पठाउनुभयो। उहाँ स्त्रीबाट जन्मनुभयो ,तथा व्यवस्थाको अधीनमा जन्मनुभयो। व्यवस्थाको अधीनमा रहनेहरूलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो ,किनभन्दा यसैकारणले कि हामी पुत्र भएर स्वर्गको हकदारी हुन सकौं। )"रूपान्तरित( । हाम्रो मुक्तिको निम्ति परमेश्वरले सुनियोजित योजना बनाएर नै पहिलो कदम उहाँले चाल्नुभयो।

येशू नै सनातनका परमेश्वर हुनुहुन्छ भनेर लोकप्रिय तथा सर्वमान्य इसाईहरूको मौलिक सिद्धान्तमा कोरिएको छ )यूहन्ना १:१-३,१८ ,फिलिप्पी २:५-९ ,कलस्सी १:१५-१७(। परमेश्वरले कुनै मानिसलाई स्वामी वा सिद्ध बनाएर हाम्रो माझमा उहाँको दूत भएर पठाउनुभएन न त कुनै स्वर्गदूत वा अलौकिक जीवलाई पठाउनुभयो ,तर उहाँ आफै आउनुभयो।

येशू ख्रीष्टको अस्तित्व परमेश्वरको पुत्र भएर सदासर्वदा सनातनदेखि हुनुहुन्थ्यो। उहाँ नित्य परमेश्वर अनित्यको रूप धारण गर्नुभयो। उहाँ स्वइच्छाले स्त्रीको कोखमा जन्मनुभयो। ती स्त्री कन्या थिइन् । तर येशू वास्तविक मानिसको चोला लिनुभयो भन्ने मुख्य बिषयबस्तुलाई हामीले आत्मसात् गर्नु जरुरी छ।

"व्यवस्थाको अन्तर्गत जन्मनुभयो "भनाइको अर्थ उहाँ यहूदी कुलमा जन्मनुभयो जहाँ विभिन्न व्यवस्थाहरू पालन गरिन्थ्यो। तर पापीको दोषलाई आफूमाथि थुपार्न उहाँ हाम्रो निम्ति मानिस हुनु भयो भन्ने सर्वोउकृष्ट आत्मज्ञान हाम्रो सामु चुनौतिको रूपमा तेर्स्याइएको छ।

हामी आफैले आफैलाई उद्धार गर्न वा मुक्ति दिन नसक्ने भएकोले ख्रीष्ट मानिसको रूप धारण गरेर आउनु जरुरी थियो। उहाँको परमेश्‍वरीय स्वभाव हाम्रो पतित मानव स्वभावसँग मिलेर हाम्रो बिकल्प ,मुक्तिदाता र मूल पुजारी हुनुभयो। उहाँ दोश्रो आदम भएर आउनु हुँदा पहिलो आदमले अनाज्ञाको कारणले गुमाएका सबै थोकहरूको हाम्रो निम्ति हकदावी गर्नु भएको थियो (रोमी ५:१२-२१)। उहाँको आज्ञाकारिताले गर्दा व्यवस्थाको सबै मागहरू उहाँले पूर्ण रूपमा पूरा गर्नुभएको थियो। आदमको दुःखपूर्ण असफलताको मोल उहाँले तिरिदिनुभयो। जब उहाँ क्रुसमा मर्नुभयो त्यसबेला व्यवस्थाले माग गरेको न्याय उहाँले बेहोर्नुभयो ,किनभने पापको ज्याला मृत्यु हो र पापीले मृत्युद्वारा त्यो मोल तिर्नुपर्छ भनेर व्यवस्थाले माग गर्दछ। येशूको यो सिद्धकार्यले जो पनि सत्य विश्वासद्वारा उहाँकहाँ आउँछ र उहाँमा समर्पित जीवन बिताउँछ त्यस व्यक्तिलाई मुक्ति दिने अधिकार उहाँले पाउनुभएको थियो।

## ४. हकवाला हुनेको अधिकार र सम्मान (गलाती ४:५-७)

आफूले बुझाउन खोजेको विषयवस्तु गलाती ४:५-७मा पावलले विस्तृतरूपमा व्याख्या गर्दछन्।" जो मानिस व्यवस्थाको अधीनमा छ ,ख्रीष्टले उसलाई त्यसबाट उद्धार गर्नुभयो" भनेर पावलले औंल्याउँदछन्) गलाती ४:४,५(। "उद्धार गरियो"को अर्थ मोल तिरेर फेरि किनिएको हो। यसको अर्थ कुनै वन्धकमा रहेको मानिस वा दासलाई मोल तिरेर उसलाई छुटकारा

दिनु हो। यस बिषयवस्तुलाई हेर्दा मानव जातिको पापको मोल तिर्नु भन्दा नकारात्मक पृष्ठभूमिलाई देखाउँछ :मानव जात जतिसुकै स्वतन्त्र छु भनेर फलाकेतापनि येशूको मोल बिना ऊ स्वतन्त्र हुँदैन। उसलाई छुटाउन आवश्यक छ।

फेरि स्वतन्त्र हुनुपर्दछ भन्दा केबाट हामी स्वतन्त्र हुनुपर्दछ त ?नयाँ करारले चारवता तत्वहरूबाट स्वतन्त्र हुनुपर्छ भनेर प्रस्तुत गरेको छ) :१ ( शैतान र उसको दाउपेचबाट )हिब्रू २:१४,१५) (२ (अनन्त मृत्यु वा हामी अस्तित्वविहीन हुनेबाट ) १ कोरन्थी १५:५६,५७) (३ (पापको शक्तिबाट हामी स्वतन्त्र हुनुपर्दछ किनभने त्यसले हाम्रो स्वभावलाई आफ्नो काबुमा राखदछ )रोमी ३:१९-२४ (र )४ (व्यवस्थाले ठहराउने दोषबाट हामी स्वतन्त्र हुनुपर्दछ )रोमी ३:१९-२४ ,गलाती ३:१३ ,गलाती ४:५(।

**येशूमा हामी उद्धार पाउँछौं। त्यसबाट के सकारात्मक लक्ष्य हामीले हासिल गर्दछौं त ?हेर्नुहोस् :गलाती ४:१-७ "१ मेरो भनाइको अर्थ यो हो, उत्तराधिकारी जबसम्म बालकै छ, ऊ सबै थोकको मालिक भए तापनि कमाराभन्दा फरक हुँदैन, २ तर बाबुले ठहराएको समयसम्म ऊ अभिभावक र संरक्षकको अधीनमा हुन्छ। ३ हामी पनि यसरी नै बालक छउञ्जेल संसारका दैवी शक्तिहरूको दासत्वमुनि थियौं, ४ तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो। उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा जन्मनुभयो। ५ व्यवस्थाको अधीनमा रहनेहरूलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो, ताकि हामी पुत्रको पूरा हक प्राप्त गर्न सकौं। ६ तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले "हे अब्बा, पिता!" भनेर पुकार्नुहुन्छ। ७ यसैकारण, परमेश्वरद्वारा तिमी अब उप्रान्त दास होइनौ, तर पुत्र हौ, र पुत्र हौ भनेता उत्तराधिकारी पनि हौ।", एफिसी १:३-१० "३ हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिष्‌ले ख्रीष्टमा आशिर्वाद दिनुभएको छ। ४ उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो। ५ *उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो,* ६ यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्। ७ उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं, ८ जुन अनुग्रह उहाँले हामीलाई प्रशस्त मात्रामा दिनुभयो। ९ किनकि सम्पूर्ण बुद्धि र आन्तरिक समझमा ख्रीष्टमा राख्नुभएको उद्देश्यअनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ, १० ताकि समय पूरा**

भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू ख्रीष्टको अधीनमा आऊन्।", रोमी ८:१२-२५ "१२ यसैले त भाइ हो, पापमय स्वभावअनुसार जिउनलाई हामी पापमय स्वभावप्रति बाध्य छैनौं। १३ किनकि पापमय स्वभावअनुसार जिउँछौ भने, तिमीहरू मर्छौ, तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरू तिमीहरूले निर्मूल पार्‍यौ भने, तिमीहरू जिउनेछौ। १४ किनभने सबै, जो परमेश्वरका आत्माले डोर्‍याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्। १५ किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकार्छौं, १६ त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो। १७ र सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे-उत्तराधिकारी। उहाँसँग दुःख भोग्छौं भनेता हामी उहाँसँगै महिमित पनि हुनेछौं। १८ म विचार गर्दछु, कि हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरू तुलना गर्न योग्य छैनन्। १९ सृष्टि बड़ो उत्कण्ठले परमेश्‌वरका पुत्रहरू प्रकट हुने कुराको प्रतिक्षा गर्छ। २० सृष्टि व्यर्थताको वशमा पारियो, त्यसको आफ्नै इच्छाले होइन, तर उहाँको इच्छाले, जसले त्यसलाई वशमा पार्नुभयो, यसै आशामा, २१ कि सृष्टि त्यसको आफ्नै विनाशको बन्धनबाट मुक्त गराइनेछ, र त्यसले पनि परमेश्वरका सन्तानको महिमित स्वतन्त्रता प्राप्त गर्नेछ। २२ हामी जान्दछौं, सारा सृष्टि अहिलेसम्म एकसाथ प्रसववेदनाको आर्तनाद गरिरहेछ। २३ सृष्टि मात्र होइन, तर हामी आफै पनि, जसमा पवित्र आत्माको पहिलो फल छ, सन्तानको रूपमा ग्रहण गरिनलाई, अर्थात्हाम्रो देहको उद्धारको निम्ति प्रतिक्षा गरेर हामी आफै पनि भित्र-भित्रै आर्तनाद गर्दछौं। २४ किनकि यही आशामा हामीले मुक्ति पाएका थियौं। अब देखिनेचाहिँ आशा त आशा नै होइन। किनकि देखेका कुराको आशा कसले गर्छ र? २५ तर यदि हामी आफूले नदेखेका कुराको आशा गर्छौं भने, धैर्यसाथ हामी त्यसको प्रतिक्षा गर्छौं।" र रोमी ९:४-५ "४ तिनीहरू इस्राएलीहरू हुन्, अनि पुत्र हुने अधिकार, महिमाको दर्शन, करार, व्‌यवस्‌थाको प्रदान, मन्‌दिरको आराधना र प्रतिज्ञाहरू तिनीहरूका आफ्नै हुन्। ५ पूर्वजहरू यिनीहरूका नै हुन्, र ख्रीष्ट पनि शरीरअनुसार तिनीहरूकै वंशका हुनुहुन्छ, सर्वोच्च परमेश्वर, जसको युगानयुग स्तुति होस्। आमेन।"

येशूले हाम्रो निम्ति गर्नु भएको कामको उपलब्धिलाई" मुक्ति" भनेर हामी चर्चा गर्दछौं। यो सत्य हो कि येशूले हामीलाई मुक्ति दिनुभयो ,तर पावलले एक कदम अगाडि गएर हकदार वा धर्मपुत्र (हुइओथेसिया *huiothesia)* भन्ने शब्दलाई प्रयोग गरेको "मुक्ति" शब्द भन्दा पनि प्रभावशाली छ। नयाँ

करारका लेखकहरूमा पावल मात्र त्यस लेखक हो जसले यो शब्दलाई प्रयोग गर्दछन्। ग्रीक र रोमी विश्वमा धर्मपुत्र पाल्ने प्रक्रिया सर्वमान्य वैधानिक चलन थियो। कानूनी प्रक्रियाबाट कोहि व्यक्ति धर्मपुत्र हुनजान्थ्यो। जब कानूनी रूपमा आफ्ना उत्तराधिकारी हुँदैनथ्यो पावलकै जीवनमा धेरै रोमी बादशाहरूले धर्मपुत्र पालेर त्यसलाई आफ्नो शेषपछि सम्राट् बनाउँथे। कोही मानिस धर्मपुत्र भएर हकदार हुँदा धेरै अधिकारहरू वा अवसरहरू उसलाई प्राप्त हुन्थ्यो :“)१ (जो व्यक्ति धर्मपुत्र हुन्छ त्यो धर्मपुत्र पालेको व्यक्तिको सत्य छोरो हुन्थ्यो। )२ (धर्मपुत्र पाल्ने व्यक्तिले धर्मपुत्रलाई खानेकुरा र लुगाफाटा दिएर बालकलाई हुर्काउन सहमति हुनुपर्दथ्यो। )३ (धर्मपुत्र पालिएपछि त्यसलाई पाल्ने व्यक्तिले उसको अधिकारलाई खोस्न सकिन्दैथ्यो )४ (धर्मपुत्रलाई दासत्वको जीवनमा झार्न पाइन्दैनथ्यो। )५ (धर्मपुत्रको आमाबाबुले उसलाई फर्काएर आफ्नै छोरो फेरि बनाउन पाइन्दैनथ्यो। )६ ( धर्मपुत्र हुने व्यक्तिले पाल्ने व्यक्तिको सम्पत्तिमा हक लाग्दथ्यो।"-डेरेक आर. मुर-क्रिसपिन ,“गलेशियनस् ४:१-९ :***द युज एण्ड आव्युजेज अभ पारालल्स्," द इभान्जलिकल क्वाटर्ली ,ठेली ६१ ,नम्बर ३ )१९८९(, पृ. २१६बाट रूपान्तरित।***

यदि माथि दिएका धर्मपुत्रको अधिकार यस संसारमा सुनिश्चित गरिएको छ भने परमेश्वरको छोराछोरी भएर हकदारी हुँदा कत्तिको बढि सम्मान र अधिकार हामीले पाउँछौं होला ,यथार्थमा त्यसको कल्पना नै हामी गर्न सक्दैनौं।

**हिब्रू भाषामा अब्बा वा बुबा भन्ने शब्द छोराछोरीले प्रेमिलो बुबालाई सम्वोधन गर्दा प्रयोग गरेको गलाती ४:६मा उल्लेख गरिएको छ । त्यहि स्वभावमा आज हामी आफ्नो पितालाई ड्याडी वा बुबा भनेर प्रयोग गर्दछौं। येशूले आफ्नो प्रार्थनामा परमेश्वरलाई बुबा भनेर सम्वोधन गर्नुभएको थियो (मर्कूस १४:३)। परमेश्वरका छोराछोरी भएको नाताले हामी पनि उहाँलाई बुबा भनेर सम्वोधन गर्ने गौरब हामीलाई प्राप्त छ। के तपाईंको जीवनमा परमेश्वरसँग त्यस्तो घनिष्ट सम्वन्धको उपभोग गर्नुभएको छ ?यदि छैन भने के समस्याले तपाईंलाई अल्झाइ राखेको छ त ?परमेश्वरसँग घनिष्ट वा मायालु सम्वन्धमा आफूलाई समावेश गराउन तपाईंको जीवनमा के परिवर्तन गर्नुपर्दछ?**

## ५. दासत्वको जीवनमा फेरि किन फर्किने ?(गलाती ४:८-१०)

**गलाती ४:८-२०मा पावलले कुन मूलभूत विषयवस्तुलाई औंल्याइएको छ ?गलातीहरूको बीचमा फैलिएको गलत शिक्षाहरूको विषयमा उनी कसरी गम्भीर भएर सम्वोधन गर्दछन्? हेर्नुहोस्: "८ अघिअघि जब तिमीहरूले**

परमेश्वरलाई चिनेका थिएनौ, तिमीहरू तिनका दास थियौ, जो स्वभावले नै देवहरू होइनन्, ९ तर अब त तिमीहरूले परमेश्वरलाई चिनेका छौ, अथवा परमेश्वरबाट चिनिएका छौ, र पनि फेरि कसरी तिमीहरू ती निर्बल र सुरु-सुरुका तुच्छ सिद्धान्तहरूतिर फर्कन्छौ र फेरि तिनका दास बन्न चाहन्छौ? १० तिमीहरू तिथिहरू, महिनाहरू, ऋतुहरू र वर्षहरू मान्दछौ। ११ मलाई त यस्तो लाग्छ, कि तिमीहरूका निम्ति गरिरहेको मेरो परिश्रम व्यर्थ भयो। १२ भाइ हो, तिमीहरू मजस्तै होओ भन्ने म बिन्ती गर्दछु, किनकि म पनि तिमीहरूजस्तै भएको छु। तिमीहरूले मेरो केही खराबी गरेका छैनौ। १३ तिमीहरूलाई थाहा छ, कि शरीरको अस्वस्थताले गर्दा नै मैले पहिले तिमीहरूलाई सुसमाचार सुनाएथें। १४ यद्यपि मेरो बिरामी अवस्था तिमीहरूका लागि एउटा परीक्षा थियो, तथापि तिमीहरूले मलाई तिरस्कार गरेनौ, न घृणा नै गर्‍यौ, तर परमेश्वरको एउटा दूतलाई, ख्रीष्ट येशूलाई झैं मलाई ग्रहण गर्‍यौ। १५ तिमीहरूले अनुभव गरेको सन्तोष कता गयो? किनभने म गवाही दिन सक्छु, कि यदि सम्भव भए तिमीहरूले आफ्ना आँखासम्म पनि निकालेर मलाई दिनेथियौ। १६ तब तिमीहरूलाई साँचो भनेको कारणले के म तिमीहरूको शत्रु भएको छु र? १७ तिमीहरूलाई आफूपट्टि तान्न तिनीहरू खूबै जोश देखाउँछन्, तर असल अभिप्रायले होइन। तिमीहरूले बढ़ी उत्साहसाथ तिनीहरूलाई स्वीकार गर भनेर तिनीहरूले हामीबाट तिमीहरूलाई अलग पार्न खोज्छन्। १८ असल अभिप्रायको निम्ति जोशिलो हुनु असल हो, तर म तिमीहरूका माझमा हुँदा मात्र जोश देखाउनु असल होइन। १९ मेरा साना बालक हो, ख्रीष्ट तिमीहरूमा नबनिनुभएसम्म म फेरि प्रसवपीडामा छु। २० अहिले म तिमीहरूका साथमा भएर तिमीहरूसँग मेरो बोल्ने तरिका बदल्न सके कति असल हुनेथियो, किनकि तिमीहरूका विषयमा म अन्योलमा परेको छु।"

गलातीका मानिसहरूको बीचमा चलेका धर्मसंस्कार ठ्याक्कै कस्तो थियो भनेर पावलले व्याख्या गर्दैनन्। तर गलत आराधनाको व्यवस्थाले मानिसलाई आत्मिक दासत्वमा ल्याउँछ भन्ने धारणा उनको मनमा स्पष्ट थियो। गलत धार्मिक संस्कार वा रितिरिवाज अत्यन्त खतरापूर्ण र विध्वँसात्मक हुन्छ भनेर मूल्याङ्कन गर्दै गलातीका विश्वासीहरूलाई धेरै कडा शब्दहरू प्रयोग गरेर पावलले पत्र लेख्दछन्। भावविभोर भएर आफ्नो पत्रमा ती गलातीका विश्वासीहरूलाई सतर्क गराउँदै पावलले यो भन्दछन् कि जुन क्रियाकलापमा तिनीहरू लागिरहेकाछन् त्यसले तिनीहरू परमेश्वरको हकदारी पुत्र हुने शूभअवसरलाई गुमाउँदै फेरि पुरानै दासत्वको जीवनमा फर्किरहेका छन्।

**हो ,के के समस्याहरूले गलातीका विश्वासीहरूलाई पिरोलीरहेकाछन् ,सो पावलले उल्लेख गरेका छैनन्। तर गलाती ४:९-११मा पावलले गलातीहरूको के आपत्तिजनक क्रियाकलापमा आफ्नो गुनासो पोख्याइरहेकाछन्?**

"दिन अर्थात् ,महिना ,**ऋतु र वर्षहरू**) "गलाती ४:१० (भनेर पावलले सम्वोधन गरेकाले उनी यहूदी रितिरिवाजमा मात्र होइन तर साबथको पनि खुलेआम बिरोध जनाएका थिए भनेर कतिपयले दावी गर्दछन्। तर त्यस खालको तर्कले पावलले यहूदी धर्म परम्पराको बारेमा प्रमाण गर्न चाहेको भन्दा बाहिर गएको देखाउँछ। यदि साबथ र यहूदी संस्कारहरूलाई नै औंल्याएर तिनीहरूको बिरोध गरेको भए कलस्सी २:१६मा ती कुराहरूलाई नामै दिएर सूचीमा राख्दथे। तर जे गलातीका विश्वासीहरूले अपनाइरहेका थिए वा संस्कारलाई पालन गरिरहेका थिए त्यसले गर्दा तिनीहरूले ख्रीष्टमा पाइएको स्वतन्त्रताबाट आफूलाई अलग गराउन खोजिरहेका थिए भनेर पावलले स्पष्ट रूपमा लेख्दछन्। "यदि सातौं दिनको पवित्र साबथको पालनाले मानिसलाई दासत्वमा ल्याउँछ भने परमेश्वर आफैं पनि त्यस दासत्वमा पस्रिएको देखाउँदछ किनभने संसारको प्रथम साबथ उहाँले नै पालना गर्नुभएको थियो "! द एसडिए बाइबल कमेन्टरी ,ठेली ६ ,पृ. ९६७बाट रूपान्तरित। यदि सातौं दिनको साबथलाई पालन गर्दा उहाँमा हुने स्वतन्त्रतालाई हामीलाई बन्चित गराउँछ भने येशू आफैले पनि त्यो साबथ तथा पवित्र बिश्रामबार किन पालन गर्नु भयो र अरूलाई पालन गर्न सिकाउनुभयो ?(मर्कूस २:२७,२८ ,लूका १३:१०-१६(।

**के सेभन्थ-डे एडभेन्टिस्ट मतमा केहि यस्ता रितिहरू छन् जसले येशूमा भएको हाम्रो स्वतन्त्रतालाई हनन गरिरहेको छ ?वा ती रितिहरूप्रति हाम्रो भावना वा मनस्थिति कस्तो छ ?गलत धारणा व मनस्थितिलाई बोकिरहंदा हामी पनि कस्तो दासत्वमा पर्न सक्छौं भनेर पावलले भन्न खोजिरहेको हामी पाउँछौं ? किनभने गलातीहरूलाई त्यस बिषयलाई औंल्याउँदै पावलले कडा शब्दमा सचेत गराएका थिए।**

## उपसंहारः

थप जानकारी :"परमेश्वरको व्यवस्थालाई उलंघन गरेर पापी मानिसहरू आफ्नै पापमा नमरोस भनेर स्वर्गको सभामा उहाँले एउटा प्रावधान बनाउनुभएको थियो। त्यस प्रावधानमा तिनीहरूको सट्टामा येशू मर्नु हुने भएकोले उनीहरूले उहाँलाई ग्रहण गरेर परमेश्वरको चुनिएका छोराछोरीहरू होउन् भन्ने उहाँको चाहना समावेश भएको थियो। सारा मानिसहरूले उद्धार वा मुक्ति पाउन् भन्ने परमेश्वरको सदिच्छा थियो। त्यसै अनुसार उहाँले योजना बनाउनुभएको थियो। आफ्नो एक मात्र पुत्र हाम्रो पापको बदलामा बलि हुन उहाँले योजना

बनाउनुभएको थियो। तर कोहि मानिस येशू ख्रीष्टद्वारा परमेश्वरको छोराछोरी हुने हकलाई अस्वीकार गर्छ भने त्यसले अनन्त मृत्युमा सहभागी हुन्छ किनभने तिनीहरू परमेश्वर पिताका धर्मपुत्र तथा धर्मपुत्री हुने सरल उपायलाई मात्र तयार भएको हुँदैनन्। मानिसको घमण्ड तथा हठीपनाले गर्दा मुक्तिको बरदानलाई उसले स्वीकार गर्न चाहन्दैन। तर मानिस धर्मकर्म गरेर धर्मात्मा बन्न खोजे पनि परमेश्वरको सामु ऊ उपस्थित हुन सक्दैन। येशूको नाउँमा विश्वास गरेर उहाँको अनुग्रहलाई ग्रहण गरेमात्र त्यो व्यक्ति परमेश्वरको सामु स्वीकार्य हुन्छ। मानिसको धर्मकर्म र आत्मिक रूपमा जोशिलो भावना भयो भन्दैमा त्यसलाई आधार मानि परमेश्वरले उसलाई ग्रहण गर्नुभएको हो भनेर प्रमाणित गर्दैन। कसले मुक्ति पाउँछ वा पाउँदैन भन्ने निर्णय केवल येशू ख्रीष्टद्वारा नै हुन्छ।"-एलेन जी ह्वाइट ,“चोजन इन क्राइष्ट "*साइनस् अभ टाइमस्* ,जनवरी २ ,१८९३बाट रूपान्तरित।

**चिन्तनमननः**

**क) परमेश्वरसँगसँगै हिंडदा उहाँका छोराछोरी हुने अवसर हामी पाउँछौं। तर उहाँको छोराछोरी हुनुको अर्थ के हो र नहुनुको अर्थ के हो ? परमेश्वरमाथि भरोसा र विश्वास गर्न बालकको कुन् स्वभावलाई हामीले अङ्गाल्नुपर्दछ ?फेरि बच्चा बुद्धिमा नअडकिन के गर्नु पर्दछ?**

**ख) मानिसमा यस्तो के यस्तो स्वभाव छ जसले गर्दा मुक्ति पाउन केवल परमेश्वरको अनुग्रह र उहाँमाथिको विश्वासमा भर पर्छ भन्दा मानिसलाई असजिलो बनाउँदछ ?तर परमेश्वरको अनुग्रहलाई ग्रहण गर्नुको सट्टा आफ्नै कामक्रिया वा धर्मकर्मबाट मुक्ति पाउँछु भनेर धेरै मानिसहरू किन त्यतातिर वढि ध्यान दिएको हामी पाउँछौं?**

**ग) यस अध्यायमा उल्लेखित पाँचौं बुँदाको अन्तिम प्रश्नमा फेरि सोच्नुहोस्। जुन तत्वबाट हामी स्वतन्त्र छौं त्यहि तत्वको दास हुन हामी सेभन्थ-डे एडभेन्टिस्ट किन सम्भव हुनसक्दछ ?कसरी हामी दासत्वमा फस्न सक्दछौं ?र हामी दासत्वमा छौं भनेर कसरी थाहा पाउने ?र हामी येशूमा साच्चिकै कसरी स्वतन्त्र हुने?**

**सारांश :परमेश्वरको परिवारमा हामी छोराछोरी** हुने हक ख्रीष्टमा रहेर पाउँछौं। परमेश्वरको छोराछोरी भएको नाताले परिवारले पाउने सबै अधिकार र अवसरको उपभोग हामी गर्न सक्दछौं। केवल नीतिनयमलाई पालन गरेर मात्रै हामी परमेश्वरको सन्तान हुन्छौं भन्ने तर्क मूर्खतापूर्ण छ। यसो गर्नु भनेको कुनै छोराले दास हुन आफूले पाएको पद र हकलाई त्यागन चाहेको जस्तै हो।

कथा ८

# निर्दोष झ्यालखानामा

पुलिसले प्रभालाई दिनदिनै केरकार गर्न थाले। तिनीहरूले उनको हातमा कुटे। मध्य रातमा उनलाई उठाएर तिनीहरूले सोधपूछ गरे। तिनीहरूले प्रभाको दाजहरू र आमालाई पनि सोधपूछ गरे। प्रभाको केही न केही दोष भेट्टाउन तिनीहरूले कोसिस गरे। कति समयदेखि योजना बनाएकी थियौ? लुटिएका  गहना, पैसा कहाँ लुकायौ? भन्दै केरकार गरे।

प्रभाले आफ्नो परिवारलाई देवीदेवताहरूलाई पूजा गरेर राहत माग्न अनुरोध गरिन्। यदि आफू झ्यालखानाबाट मुक्त हुनसकिन्छ भने आफ्नो कपाल पनि खौरिन तयार भएको भनिन्। केही कुराले पनि उनलाई शान्ति भएन। पुलिसहरूले उनलाई केरकार गरेर उनलाई दिक्क बनाए।

एक रात जब उनी झ्यालखानाको कोठाको चिसो सिमेन्टीको भुइँमा सुतिरहेको बेलामा उनले सपना देखिन्। सपनामा एक जना सेतो लुगा लगाएको मानिसले उनलाई छोएको देखिन् र नडराऊ भने। ""म तिम्रो साथमा छु। तिमी छिट्टै घर जान पाउनेछौ।" त्यस व्यक्तिले कबुल गरे।

"तपाईं को हुनुहुन्छ?" प्रभाले त्यस व्यक्तिलाई सोधिन्। "म येशू हुँ" त्यस व्यक्तिले जवाफ दिए।

अर्को दिन पनि उनलाई पुलिसले सोधपूछ गरे। त्यस दिन तिनीहरूले उनलाई पिटे। त्यसबेला उनले रूनुको सट्टा प्रार्थना गरिन्, "हे येशू, यदि तपाईं सत्य परमेश्वर हुनुहुन्छ भने मलाई सहायता गर्नुहोस्।" त्यसको दुई घन्टा पछि उनी झ्यालखानाबाट मुक्त भइन्। तर अर्को दिन सोधपुछको निम्ति पुलिस चौकीमा आउनुपरेको थियो।

दिनदिनै उनी पुलिस चौकीमा गइन्। तिनीहरूले कुनै नयाँ कुरा थाहा पाउनासाथ त्यसको बारेमा तिनीहरूले उनलाई केर्दथे। तिनीहरूले कुनै चोरलाई समात्दा पनि त्यो चोर  र प्रभाबीच चिनजान कि भनेर सोधिन्थ्यो। यो प्रक्रिया वर्षभरी नै चलिरह्यो।

प्रभाले आफूले देखेको सपना सम्झिन्। उनी र उनका परिवार चर्चमा जान थाले। एक दिन एक जना मिसनमा काम नगरेको एडभेन्टिस्ट प्रभाको घरमा आए। उनले तिनीहरूलाई येशूको बारेमा अरू कुराहरू सिकाउन अनुरोध

गरे। जब उनले साबथको बारेमा सुनाए तब प्रभाको दाजुले उनलाई आफ्नो जिज्ञासा राखे।

"यदि बाइबलले मानिसहरूलाई हप्ताको सातौं दिन शनिबारलाई साबथ भनेर बताउँछ भने इसाईहरूले किन आइतबार पालन गर्छन्?" प्रभाको दाजुले सोध्यो। त्यस एडभेन्टिस्टले जवाफ दिएकी साबथ परमेश्वरले सृष्टिमै स्थापना गर्नुभएको थियो। त्यसको महत्त्वले गर्दा दश आज्ञाहरूमा पनि समावेश भएको थियो र येशूले आफू मरेपछि पनि त्यसको सम्मान गर्नुभएको थियो।

केही हप्तापछि त्यस एडभेन्टिस्टले प्रभाको परिवारलाई सुसमाचारिय सभामा भाग लिन निम्तो दिए। तिनीहरू र अरू केही साथीहरूको साथमा आउन तिनीहरू सहमत भए। सुसमाचार कार्यक्रम पछि प्रभा र उनको परिवारले बप्तिस्मा लिए।

प्रभाले बप्तिस्मा लिएको केही समयमा नै आमालाई मार्ने चोरहरूलाई समातिए। पुलिसले ती चोरहरूलाई चिन्न प्रभालाई बोलाए। त्यसपछि ती झ्यालखानामा परेका ती चोरहरूका श्रीमतीहरूले तिनीहरूका पतिहरूको निम्ति प्रार्थना गर्न प्रभालाई अनुरोध गरे। ती चोरहरू एक वर्षमात्र झ्यालखानामा परे। ती चोरहरू आठ जना थिए। तिनीहरूमा छ जनाले येशूलाई ग्रहण गरे। अहिले तिनीहरूमा एक जना मिसनको तलब नखाने सुसमाचार प्रचार गर्ने भएका छन्। तर दुई जना चोरहरू जसले येशूलाई स्वीकार गरेका थिएनन् तिनीहरू झगडाको क्रममा नराम्रोसँग मारिए।

प्रभालाई धेरै समस्याहरू आएका थिए तर त्यसबाट असल काम भयो। उनको परिवारले येशूलाई ग्रहण गरे। चोरहरूले पनि येशूलाई विश्वास गरे। र अहिले प्रभा बाइबल सिकाउने काममा खटिएकी छिन्।

(प्रभा ममिडी भारतको भिझियानगरममा बस्छिन्। त्यहाँ उनले प्रभुको काम निरन्तररूपमा गरिरहेकी छिन्)।